


# मन्थन पुस्तक समीक्षा


अर्लेन ब्लुम ४२




अभिजित भी. बनर्जी र एस्थर डुफ्लो ४४




जोनाथन डी. जेम्स ४७



पाउलो कोहेलो ४८



रोबर्ट च्याम्बर्स ५०


चारखुट्टेको घरजम
*लेखक: जर्ज अरवेल*
*अनुवादक: फणिन्द्रप्रसाद उपाध्याय*

**समीक्षक : अजयभद्र खनाल**

# सपनाका व्यापारी र एनिमल फार्म

कार्ल मार्क्सले लुइ नेपोलियनको अठारौं ब्रूमेर भन्ने आफ्नो पुस्तकमा लेखेका छन्; इतिहास दोहोरिन्छ, पहिलोपल्ट वियोगान्त र दोस्रोपल्ट व्यङ्ग्यको रूपमा।

इतिहासका पात्र र घटना कसरी दोहोरिन्छन् भनेर विश्लेषण गर्ने क्रममा अन्य दार्शनिकले झैं मार्क्सले माथि उल्लिखित भनाइ अघि सारेका हुन्। प्राय: नयाँ इतिहास रच्न खोज्ने पात्रहरू असफल हुन्छन् र उनीहरूको सत्प्रयासको दु:खद् अन्त्य हुन्छ। लाग्छ उनीहरू समयअगावै जन्मे वा समय उनीहरूको नवीन विचार ग्रहण गर्न सक्षम भएन। त्यति हुँदाहुँदै पनि कालक्रममा तिनै पात्रलाई नक्कल गरेर हिरो बन्न खोज्ने नयाँ पात्रहरू देखा पर्छन्। तर उनीहरू मजाकिया वा नक्कली हिरोका स्तरभन्दा माथि उक्लन सक्दैनन्। नेपाली समाजको सन्दर्भमा यो हामीले पनि कैयन् पटक नजिकैबाट देखेको कुरो भयो, तर चारखुट्टेको घरजम भन्ने पुस्तकको सन्दर्भमा भने ठीक उल्टो भएको देखिन्छ।

त्यसो त चारखुट्टेको घरजम मौलिक नेपाली उपन्यास नभएर ब्रिटिश भारतको मोतीहारीमा जन्मेका अंग्रेज उपन्यासकार जर्ज अरवेलको विश्वप्रसिद्ध र अमर कृति एनिमल फार्मको अनुवाद हो। एनिमल फार्म पहिलोपल्ट सन् १९४५ मा छापिएको थियो। विश्वका अन्य सन्दर्भ र समयमा पनि मिल्ने भएको कारण उपन्यास आज पनि लोकप्रिय छ।

पुस्तकको नेपाली अनुवाद २०२७ सालमा पहिलोपल्ट फणिन्द्रप्रसाद उपाध्यायले गरेका थिए चारखुट्टेको घरजम शीर्षक दिएर। नेपाल प्रज्ञा-प्रतिष्ठानले पुस्तक छापेको थियो। अनुवादकले आफ्ना दुई शब्दमा लेखेका थिए, “मूल ग्रन्थले मलाई एकछिन भए पनि हँसाएकाले अनुवाद गरेको हुँ। यो

किनेर पढ्नेलाई मलाई जस्तै हाँसो उठ्यो भने किन्दा खर्च भएको पैसाको सदुपयोग नै भएको अवश्य लाग्ला।" पहिलोपल्ट यो पुस्तकको नेपाली अनुवाद छापिंदा प्रमुख उद्देश्य मनोरन्जन रहेको देखिन्छ।

वि.सं. २०७१ मा चारखुट्टेको घरजम फेरि छापिएको छ। यो संस्करण पुस्तक मनोरन्जनको रूपमा भन्दा नेपाली समाजको दु:खान्तपूर्ण इतिहासको बिम्ब बनेर आएको छ। १० वर्षे जनयुद्ध र दोस्रो जनआन्दोलनमा अन्तर्निहित जनताका अपेक्षा कसरी दु:खान्तमा परिणत हुन सक्छन् वा दु:खान्तमा परिणत हुँदै गरेका छन् भन्ने दृष्टान्त पुस्तकले हामीलाई देखाउँछ। यो पुस्तकको दोस्रो अनुवाद संस्करण छापिने साइत यसै वर्ष नै जुर्नुको कारण पनि यही नै हुन सक्छ। अहिले यो पुस्तक नेपालको दु:खद् इतिहासको तीतो सन्देशको प्रतीकको रूपमा प्रस्तुत भएको छ। त्यसैले यो पुस्तक पढ्दा हामी धेरैलाई हाँस्न मन नलाग्न सक्छ, बरु नरमाइलो लाग्न सक्छ।

सामान्यतया पुस्तक समीक्षा गर्दा त्यसको कथावस्तु खोलिदैन, किनभने कथा पढ्ने अधिकार पाठकको हो। समीक्षकले उसको अधिकार हनन् गर्न मिल्दैन। तर चारखुट्टेको घरजम समीक्षा गर्दा कथावस्तुबारे केही नबोली रहन सकिन्न। पुस्तकको गहनताको यो एउटा मापदण्ड पनि हुन सक्छ। त्यसैले यस आलेखले पुस्तकका केही पृष्ठभूमि र विषयवस्तु केलाउने प्रयास गरेको छ।

प्रजातान्त्रिक समाजवादी जर्ज अरवेल सोभियत संघको कम्युनिष्ट सत्ताका प्रमुख जोसेफ स्टालिनका आलोचक थिए। सन् १९४० को दशकमा सोभियत संघमा समाजवादी सपनालाई कुल्चिरहेका स्टालिनबाट बेलायतका बौद्धिक वर्ग निकै प्रभावित थिए। अरवेललाई यो असह्य भयो। लोकतान्त्रिक मुलुकका बुद्धिजीवीहरू अधिनायकवादी प्रोपोगाण्डाबाट दिग्भ्रमित भएको उनलाई चित्त बुझेन। सुनौलो भविष्यको समाजवादी सपना देख्ने साधारण मानिसहरू त सपना बेच्ने व्यापारीहरूबाट ठगिने नै भए तर बेलायती बुद्धिजीवी पनि ठगिइरहेका थिए।

जसरी स्टालिनको अधिनायकवादी चरित्रले समाजवादको सुन्दर सपनालाई मजाक र वियोग दुवै स्वरुपमा बदलिदियो, त्यो इतिहासको पनि संसारका विभिन्न भागमा पुनरावृत्ति भैरहेको देखिन्छ। त्यस्तो परिबन्दबाट नेपाल पनि उम्किन सकेको छैन।

एकदिन हिंड्दै गर्दा अरवेलले के देखे भने एउटा १० वर्षे केटो टाँगा तान्ने ठूलो घोडा लिएर साँघुरो बाटोमा गइरहेको थियो। घोडा यताउता गर्न खोज्यो कि ऊ कोर्राले हानिहाल्थ्यो। अरवेललाई लाग्यो यदि यस्ता जनावरहरू आफ्नो तागतबारे जानकार भए भने मनुष्यले तिनीहरूलाई नियन्त्रण गर्न सक्ने थिएनौं। मानिसहरू जनावरलाई त्यसरी नै शोषण गर्छन्, जसरी धनी मान्छेहरू गरीबलाई।

यो अनुभवले अरवेललाई नयाँ खालको कथा लेख्न प्रेरणा दियो। कसरी क्रान्तिकारी सपनाहरू यथार्थमा बेचिन्छन् भन्ने सन्देश बोकेको पुस्तक एनिमल फार्म जन्मियो। पुस्तकको सुरुआत सपनाबाटै हुन्छ।

कुनै मुलुकका जनावरहरू (पुस्तकमा जनावर जनताको प्रतीकको रूपमा छ र मान्छे मालिक) दु:खी छन्, तर तिनको दु:खको कारण देश गरीब भएर होइन। देशको माटो उब्जाउ छ र हावापानी असल। देशले कैयौं जनावरलाई सजिलै पाल्न सक्छ, आफूहरूले कल्पना पनि नगरेको आराम र इज्जत उनीहरूलाई मिल्न सक्छ। जनावरहरू बूढो भएर काम गर्न नसक्ने भएपछि हरियो चौरमा चरेर, आरामसित उग्राउन चाहन्छन्। उनीहरू किन दु:खी छन् त? उनीहरूको दु:खको कारण हो मालिकको रूपमा रहेको मान्छे। मालिकले जनावर हरूको शोषण गर्छ, सबै उब्जनी चोर्छ। जनावरहरूलाई जिउन मात्र पुग्ने खान दिन्छ, बाँकी आफैं लैजान्छ। जब जनावर काम गर्न नसक्ने हुन्छन्, मालिकले तिनलाई मिल्काइदिन्छ, बेचिदिन्छ वा तलाउमा डुबाएर मारिदिन्छ। मीठो सपना देख्नेहरू सजिलै ठगिन सक्छन्। मालिकले जनावरहरूलाई ऋुक्याउनका लागि प्रयोग गर्ने तीन प्रमुख माध्यम हुन्; सपना, शब्दजाल र अपारदर्शी व्यवहार।

कथावस्तुले नेपालको अवस्था प्रतिबिम्बित गर्छ, मन छुन्छ। नेपाली जनता, मुलुक सुन्दर पार्ने, विकास, सुखसाथ आफ्नै देशमा परिश्रम गरेर बाँच्ने सपना देख्छन्। देशमा यथेष्ट प्राकृतिक स्रोत छ। पैसा पनि छ। श्रम गर्न इच्छुक मान्छेहरू पनि छन्। अपेक्षा पुग्ने सम्भावना नभएका पनि होइन। तर हुनसकेको छैन, बाधक छन्। यस पुस्तकले बाधक निदान गर्ने बाटो त देखाउँदैन तर यसबारे घोत्लिन हामीलाई प्रेरित गर्छ।

कथावस्तुले सबैभन्दा पहिले सपना प्रस्तुत गर्छ, त्यसपछि परिवर्तनका सम्भावना देखाउँछ र त्यसका बाधक पनि। मुक्तिका लागि जनावरहरू क्रान्तिको बाटो रोज्छन् र नारा बनाउँछन्: सबै मान्छे शत्रु हुन्, सबै जनावर मित्र। चारखुट्टे राम्रो, दुईखुट्टे नराम्रो। सबै दुईखुट्टे हाम्रा शत्रु हुन्। यसो गर्दा चराहरूलाई अप्ठेरो पर्‍यो। अनि जनावरहरूले भने– पखेटा हस्तक्षेपको संयन्त्र नभएर गतिको संयन्त्र हो, त्यसैले खुट्टै हो।

जनावरहरूले विद्रोह गर्छन्, विद्रोह सफल पनि हुन्छ। तर के उनीहरूको सपना साकार हुन्छ त? पुस्तकको केन्द्रबिन्दु यही प्रश्न वरिपरि गुथिएको छ र प्रश्नले सिर्जना गरेको मानव समाजको सबैभन्दा ठूलो अन्तर्विरोधलाई पुस्तकले व्यङ्ग्यात्मक तरीकाले प्रस्तुत गर्छ।

जर्ज अरवेलले प्रस्तुत चारखुट्टे क्रान्तिमा होमिने धेरै जनावर कार्यकर्ता थिए। तीमध्ये सबैभन्दा मिहिनेती कार्यकर्ता एउटा घोडा थियो– बक्सर। घामपानी नभनी सबै जनावरको हितको लागि निरन्तर सङ्घर्ष गर्ने ऊ एउटा असल कार्यकर्ता हो। काम गर्न नसक्ने भएपछि एकदिन ऊ लड्छ। ऊ सोच्छ, अब म नेताहरूले वाचा गरेझैं रिटायर भएर हरियो मैदानमा बाँकी जिन्दगी आरामसाथ बिताउँछु। नभन्दै एउटा गजबको गाडी बक्सरलाई लिन आउँछ। तर पछि जनावरले थाहा पाउँछन्, बक्सरलाई त नेपोलियनले छाला व्यापारीलाई पो बेचेका रहेछन्।

कथा नेपाली समाजको सन्दर्भसँग निकै मिल्दोजुल्दो छ। हाम्रो देशमा पनि नेताहरूले कर्मठ कार्यकर्तालाई सजिलै धोका दिएका छन्, एनिमल फार्मका आन्दोलनकारी जनावर जस्तै। खोलो तऱ्यो लौरो बिर्स्यो भन्ने नेपाली उखान जस्तै, कर्मठ कार्यकर्ता सबै कुरा बिर्सन्छन्।

नेपालको सन्दर्भमा पुस्तकमा विवेचना भएको अर्को उपयोगी पाटो सामन्तवाद वा पूँजीवाद र साम्यवादबीचको भिन्नता हो। पूँजीवादमा मालिकद्वारा मजदूर काम गर्दा धेरै पेलिन्छन्। साम्यवादमा मजदूर उत्तिकै पेलिन्छन्, तर स्वेच्छाले। पूँजीवादमा

गलत आइडियोलोजीका कारण जनावर दिग्भ्रमित हुन्छन्, साम्यवादमा सुन्दर सपनाका कारण। आखिरमा जनावरहरूले त्यो स्वेच्छा पनि भ्रम रहेछ भन्ने थाहा पाउँछन्। उनीहरूलाई तिनका नेता नेपोलियनले जुन सपना देखाएको थियो, त्यो त सपना मात्र रहेछ।

सामान्यतया के भनिन्छ भने पूँजीवादमा शोषण हुन्छ साम्यवादमा त्याग, पूँजीवादमा श्रमले पूँजी सिर्जना गर्छ, साम्यवादमा शक्ति। एनिमल फार्म पढेपछि दुवैमा कुनै तात्विक भिन्नता नरहेको थाहा हुन्छ। नेपालका ज्ञाता धेरैतिर पूँजीवादका मालिक र साम्यवादका महान् नेतामा कुनै फरक देखिँदैन। इमानदार कार्यकर्ता र मजदूर एनिमल फार्मका जनावर जस्ता हुन्छन् जसको श्रम अर्काको फाइदाको लागि मात्र प्रयोग हुन्छ, केही फाइदा पाउँदैनन्।

नेपालको राजनीतिक इतिहास पनि त्यस्तै एउटा सङ्घर्षको इतिहास हो, यो सङ्घर्षले अन्ततोगत्वा राजतन्त्र फालियो सामन्तवादको द्योतक संस्था अन्त्य भयो। तर के राजतन्त्रलाई अस्वीकार गर्दैमा नेपालमा सामन्तवादको अन्त्य भएको मान्न सकिन्छ त?

हाम्रा नेताहरू राजतन्त्रलाई फालेकै भरमा ठूलो डिङ हाँक्छन्, तर उनीहरू आफूलाई राजाझैं ठान्दछन् आफैं सामन्तवादी चरित्र देखाउन थालेका छन्। एनिमल फार्मको चारखुट्टे नेपोलियन दुईखुट्टे बन्न खोज्छ। नेपोलियन नेता भएपछि आफूलाई अरूभन्दा विशिष्ट बनाउँछ र पछाडिको दुई खुट्टामा मात्र उभिन्छ। सामन्तवाद भनेको सामाजिक संरचनाको एउटा विशिष्ट स्वरूप हो जहाँ हरेक नागरिकलाई राज्यले समान रूपमा व्यवहार गर्दैन। राजा फाल्दैमा सामन्तवाद हट्दैन, किनभने सामन्तवाद भनेको समुद्रमा तैरिरहेको बरफ (आइसबर्ग) हो जसको नौ भागको आठ भाग जल सतहमुनि लुकिरहेको हुन्छ। मुलुकमा राजालाई त फालियो तर समाजको सतहमुनि लुकेर रहेको सामन्तवादको अन्त्य भएको छैन।

नेपालमा रुक्याउने र सपना मात्रै देखाउनेको कमी छैन। पात्रहरू पुस्तकका गाताहरूभित्र होइन वास्तविक जीवनमा सजीव छन्। एनिमल फार्मका बक्सरहरूको सट्टा अब नेपाली नामधारीहरू छन्। चारखुट्टेको घरजमले अङ्ग्रेजी पुस्तक एनिमल फार्मलाई नेपाली पाठकको पहुँचमा ल्याएको छ- हामीलाई पूँजीवादी र साम्यवादी सपना बाँडिने क्रममा समाजमा देखिदै गरेका प्रवृत्तिलाई विन्यास गर्न प्रेरित गर्दै।

## यो पनि !

### अक्सफोर्डमा नयाँ शब्द

**हालसालै** अक्सफोर्ड लर्नरस् डिक्सनरीमा प्रवेश पाएका अनौपचारिक बोलीचालीका केही लवज (slang):

ICYMI- In case you missed it
SMH- Shaking my head
WDYT- What do you think
YOLO- You only live once

## 'मन्थन' को बारे

**देश** तथा विदेशबाट प्रकाशित समाजोपयोगी पुस्तकहरूको समीक्षा नेपाली भाषामा तयार पारेर नेपाली पाठकसमक्ष प्रस्तुत गर्ने रहर रुण्डै एक दशकपछि, २०६३ कात्तिकमा *मन्थन* को पहिलो अंकको प्रकाशनसँगै पूरा भएको थियो। २०६८ सम्म आइपुग्दा *मन्थन* का ११ वटा संस्करणमा ६३ वटा पुस्तकको समीक्षा प्रकाशित भयो। यसका हरेक संस्करणले समीक्षा गरिएका पुस्तकका विषयवस्तुलाई आधार मानी नेपाली समाजसित संवाद स्थापित गर्ने प्रयास गरेका थिए। पाठकहरूबाट प्राप्त सुझाव, टिप्पणी र प्रतिक्रियाले हामीलाई सन्तुष्टि मात्र दिएन, थप हौसला र प्रेरणा पनि दिए। *मन्थन* को प्रकाशनलाई हामीले एउटा सत्कार्यको रूपमा लियौं।

तथापि; पर्याप्त प्रयासका बाबजूद व्यावहारिक विषयहरूमा हाम्रो क्षमता पुगेन। खासगरी *मन्थन* का अंकहरू धेरैभन्दा धेरै पाठकमा पुर्‍याउन हामीले सकेनौं। त्यसबाट हामीलाई के ज्ञान भयो भने यस किसिमको कार्य एक्लो बुतामा सम्भव नहुने रहेछ। तर अगाडि कसरी बढ्ने त भन्ने प्रश्नमा रुमल्लिंदा रुमल्लिंदै रुण्डै अढाइ वर्षसम्म *मन्थन* स्थगित हुनपुग्यो। यसका नयाँ संस्करणहरू निस्कन सकेनन्। त्यसपछिका दिनमा हाम्रो ध्यान 'मन्थन' को प्रकाशनलाई कसरी निरन्तरता प्रदान गर्नेभन्दा पनि प्रकाशित गरेपछि कसरी बढीभन्दा बढी पाठकसमक्ष पुर्‍याउने भन्ने उपाय पहिल्याउनमा केन्द्रित रह्यो। त्यतिबेलासम्म *शिक्षक* मासिक र आइसेट नेपालबीच सहकार्य शुरू भई 'आइसेट' ले गरेका अध्ययन र अनुसन्धानका कैयौं निचोड *शिक्षक* मा छापिइसकेका थिए। त्यसरी छापिएका लेख मार्फत आइसेट र शिक्षकका पाठकबीच एकखालको संवादको थालनी भइसकेको थियो।

*शिक्षक* मासिकले शिक्षाको विभिन्न आयाम विवेचना गरी शिक्षाको स्तर उकास्न निकै ठूलो योगदान गरेको हाम्रो ठम्याइ छ। नेपाली समाजलाई समृद्धिको बाटोमा लैजान शिक्षित, सुसंस्कृत एवं विश्वव्यापी ज्ञानपुञ्जका विभिन्न आयामसित परिचित पुस्ता नै मेरुदण्डको रूपमा रहने हामो विश्वास पनि हो। यही विश्वासलाई मूर्त रूप दिंदै *शिक्षक* मासिकको यसै अङ्कदेखि आइसेट-नेपाल र *शिक्षक* मासिकको सहकार्यमा *मन्थन* पुस्तक समीक्षाको पुन: प्रकाशन शुरू गरिएको छ। नेपाली समाजमा हुर्कंदै गरेको पुस्तक पठनको संस्कार, त्यसका आधारमा ज्ञानको सम्प्रेषण, नागरिकबीच सृजनात्मक संवादका मञ्चको रूपमा *मन्थन* को प्रकाशन निरन्तर राख्न हामी समर्पित रहनेछौं।

**अजय दीक्षित, आइसेट-नेपाल**


### केही थप कुरा

*शिक्षक* मासिक र आइसेट नेपालको सहकार्यका रूपमा थालनी गरिएको 'मन्थन' पुस्तक समीक्षा खण्ड हाललाई हरेक चौथो महीना (अर्थात् वर्षमा तीनपटक) प्रकाशित हुनेछ। पाठकहरूको रुचि र सुझावका आधारमा त्यसपछिका दिनमा यसलाई मासिक या द्वैमासिक पनि तुल्याउन सकिनेछ।

यो फोरम सबैका लागि खुला रहनेछ। तथापि स्थानको सीमितता र पुस्तक एवं समीक्षकको छनोटमा पर्न सक्ने दोहोरोपनलाई ध्यानमा राखी समीक्षा पठाउनुअघि सम्पादकलाई जानकारी गराउनुहुन अनुरोध गर्छौं। प्रकाशित समीक्षाका समीक्षकलाई *शिक्षक* को नियम अनुसार पारिश्रमिक दिइनेछ।

**सम्पादक, *शिक्षक* मासिक**

# साहसी आरोही महिलाको आत्मकथा




ब्रेकिङ ट्रेल : अ क्लाइम्बिङ लाइफ
*लेखक : अर्लेन ब्लूम*

**समीक्षक : रवि वेन्जू**

जीवनमा आइपर्ने आरोह-अवरोहलाई छिचोल्दै आफ्नो उद्देश्यको चुचुरोमा पुग्न सजिलो छैन। अप्ठ्याराहरूबाट विचलित नभई आफ्नो उद्देश्यसम्म पुग्न सक्ने व्यक्तिलाई हामी आदर्श ठान्छौं। उनीहरूको बाटो अनुशरण गर्ने प्रयास गर्छौं। सन् १९७५ मा जुन्को ताबेइले सर्वोच्च शिखरमा पाइला टेक्ने पहिलो महिला भएर बहादुरी देखाइन्। सन् १९९३ मा पहिलो नेपाली महिला आरोही हुने क्रममा नै पासाङ ल्हामु शेर्पाको निधन भयो। सन् २००८ मा नेपाली युवतीको एउटा समूहले सगरमाथाको सामूहिक आरोहण गरे। तर पनि पर्वतारोही भन्ने बित्तिकै मानिसका मनमा पश्चिमा वा नेपाली पुरुषहरूकै छवि आउँछ।

पर्वतारोहण जस्तो पुरुषप्रधान साहसी काममा अघि सर्ने र त्यसमा सफल हुने महिलामध्येकी एक हुन् अर्लेन ब्लूम (जन्म सन् १९४५)। विश्वका विभिन्न शिखरहरूको साहसिक यात्रा गर्न रुचाउने उनी सर्वोच्च शिखर आरोहणको प्रयत्न गर्ने प्रथम अमेरिकी महिला बनिन्। उनले अन्नपूर्ण प्रथम र उत्तर अमेरिकाको डेनाली शिखर चुमिसकेकी छिन् भने ३० भन्दा बढी हिमाल आरोहणको नेतृत्व गरेकी छिन्। अन्नपूर्णा यात्रालाई समेटेर उनले *अन्नपूर्णा : ए ओमन्स प्लेस* नामक पुस्तक लेखेकी छिन्। बायोफिजिकल केमेष्ट्रीमा विद्यावारिधि हासिल गरेर स्ट्यानफोर्ड, बेललिस्ली र युनिभर्सिटी अफ क्यालिफोर्नियामा अध्यापनको अनुभव बटुलेकी ब्लूम हाल मानिस र वातावरणमा खतरनाक रसायनहरूको असर हटाउन उद्योगी, वैज्ञानिक र वातावरणविज्ञसँग समन्वय गर्दैछिन्।

यिनै जुझारु आरोहीको आत्मकथा हो, *ब्रेकिङ ट्रेल्स : अ क्लाइम्बिङ लाइफ*। २५ खण्डमा विभाजित यस कृतिमा उनले आफ्नो बाल्यकाल, युवावस्था, पर्वतारोहणका चुनौती, प्रेम, मित्रता, विछोड र मातृत्व भावलाई रोचक ढङ्गबाट प्रस्तुत गरेकी छिन्।

## आरोहण, अनुसन्धान र आमा

ब्लूमले आफ्नो पुस्तकका प्रत्येक खण्डमा नयाँ आरोहण र यात्राको वृत्तान्तका साथै आफ्नो बाल्यकालका सम्झनालाई उतारेकी छिन्। घटनाको वर्णन सँगसँगै आफ्नो अध्ययन, अनुसन्धान र ज्ञानबाट पाठकलाई प्रेरित गरिरहनु उनको लेखनको विशेषता हो। प्रेम, जीवन र मातृत्वको भावनाले ओतप्रोत यस कृतिले पाठकलाई भावुक बनाउँछ। प्रस्तुत कृतिले उनी हुर्किँदै गरेको बेलाको अमेरिकाको समाज, परिस्थिति र संस्कारलाई पनि उजागर गरेको छ।

सन् १९४०/५० को दशकतिर अमेरिकाको समाज, परिस्थिति र चालचलन आजको जस्तो उदारवादी भइसकेको थिएन। अरू महिलाहरूको हकमा त त्यतिबेलाको समाज संकुचित थियो भन्ने कुरा लेखिकाको भोगाइबाट प्रष्ट भएको छ। लेखिकाले त्यो बेला आफ्नो आरोहण यात्रा शुरू गरेकी थिइन् जुनबेला महिलाहरूलाई केवल खाना पकाउने र अह्राएको काम गर्ने आज्ञाकारी मानिसका रूपमा लिइन्थ्यो। आफ्नो बाल्यकालदेखि नै लेखिकाले त्यस्ता थुप्रै कुराहरूको सामना गर्नुपर्ने हुन्छ जसमा महिलाहरूलाई निरुत्साहित गरिन्छ। ११ वर्षकी छँदा उनलाई एउटा धार्मिक स्कूलमा प्रार्थना गाउने इच्छा थियो। त्यतिबेला गुरुले केटीहरूले प्रार्थना गर्न पाउँदैनन् भनेका थिए। उनलाई दुःख लाग्यो। भगवान् त्यति संकुचित त पक्कै छैनन् होला भनेर उनी सोचमग्न भइन्।

बाल्यावस्थामा नै आफ्ना आमाबाबु अलग भइसकेकाले उनी आमाका साथ मावलामा बस्थिन्। पाँच वर्षकी छँदा घरको एउटा फोटो अल्बममा सबै सदस्यलाई पाउँछिन् तर बाबुको कुनै पनि फोटो देख्दिनन्। सानै उमेरदेखि उनमा आफ्नो बाबुलाई भेट्ने र माया पाउने लालसा थियो। चुरोटको धूवाँबीच रुमल्लिएकी आमा र घरको किचकिचे वातावरणबाट आजित उनी कुनै दिन आफ्नो बुवा आएर उनलाई त्यस माहोलबाट उद्धार गर्ने कल्पना गर्थिन्। यसरी एक संरक्षित बच्चाबाट कसरी उनी एक निडर, आत्मविश्वासी महिला बनिन् भन्ने कुरा रोचक ढङ्गबाट प्रस्तुत गरिएको छ, पुस्तकमा।

अर्लेनले १९ वर्षको उमेरदेखि पर्वतारोहण शुरू गरेकी हुन्। पश्चिमी वासिङ्टनको माउन्ट आडम्स (१२ हजार २७६ फीट) नामक पर्वतबाट सन् १९६४ देखि शुरू भएको यात्रा १९९४ सम्म चल्यो। पहिलो आरोहण गर्दा उनी रीड कलेजमा उत्कृष्ट छात्रा थिइन्। जोन हल नामक साथीसँग उनले आफ्नो आरोहण यात्रा शुरू गरेकी हुन्। त्यसपछि उनले जोन हलसँग थुप्रै पर्वत चढिन्। यही आरोहण र यात्राका दौरान महिला भएकी कारणले थुप्रै ठाउँमा निकै पटक अपहेलित समेत हुनुपर्‍यो। जोन हलसँग पेरुको एक ज्वालामुखी पहाडको यात्रामा लाग्ने आवश्यक खर्च प्रबन्धका लागि आवेदन गर्दा उनको नाम सामेल गरिएन। तर उनले पेरुको यात्रा निकै साहसपूर्वक तय गरिन्। यात्रामा क्रमश: हेपाटाइटिसले च्याप्दा समेत त्यसको पर्वाह नगरी निरन्तर अघि बढिरहिन्। सन् १९६९ मा आफ्ना केही पुरुष साथीहरूसँग माउन्ट वाडिङ्टन ब्रिटिश कोलम्बियाको सबैभन्दा अग्लो चुचुरोको यात्राका क्रममा समूहले बाटो भुल्दा एक पुरुष सहयात्रीले महिला सहयात्री समूहमा हुनु हाम्रो दुर्भाग्य भनी टिप्पणी गरेका थिए। अझ उनले कि त महिलाहरू राम्रो आरोही हुँदैनन् अथवा उनीहरू पूर्ण महिला होइनन् भन्ने कुरा गरेका थिए। त्यस्तो गाह्रो र अपहेलनापूर्ण परिस्थितिमा पनि उनले यात्रा सफलतापूर्वक तय गरिन्। उनको यस यात्राले इच्छाशक्ति र दृढता भए सफलता अवश्य मिल्छ भन्ने प्रेरणा दिन्छ।

उनले महिलाहरूको मात्र समूहलाई नेतृत्व गरेको सन् १९७० को डेनाली आरोहण निकै रोमाञ्चकारी र महत्त्वपूर्ण भएको थियो। त्यस यात्राले महिलाहरू साहसिक कार्य गर्न बनेका होइनन् भन्ने धारणालाई गलत सावित गऱ्यो। उनी भन्छिन्, "पर्वत चढ्नु भनेको ध्यान गर्नुसरह हो, हरेक पाइलामा एकाग्रता र सामन्जस्यको आवश्यकता हुन्छ। मैले कस्तो ठाउँमा पाइला राखें भन्ने कुराले मेरो जीवन र मरण निर्धारण हुन्छ।"

सन् १९७१ देखि १९७३ सम्मको समय उनले आफ्ना दुई साथी टबी र जोइलसँग अफ्रिकाका पहाडहरू चढ्दै बिताइन्। त्यस्तै उनले इरान, जम्मूकाश्मिर, अफगानिस्तान र नेपालको पनि यात्रा गरिन्। यस यात्रामा भएका हरेक साना-ठूला घटनाक्रमलाई लेखिका आकर्षक ढङ्गबाट प्रस्तुत गर्छिन्। अफगानिस्तानमा उनले जिन्स पाइन्ट लगाएको देखेर छक्क पर्ने स्थानीयदेखि लिएर इथियोपियाको गरीबीको दृश्यलाई पनि उनले सजीव ढङ्गबाट प्रस्तुत गरेकी छिन्।

उनको सबैभन्दा महत्त्वपूर्ण र साहसिक यात्रा हो, अन्नपूर्ण हिमशृंखला र सगरमाथा। उनले सन् १९७६ मा सगरमाथा यात्रा गरेकी थिइन्। सगरमाथाको चुचुरोसम्म नै नपुगे पनि उनी चुचुरोको निकै नजिक पुगेकी थिइन्। सगरमाथा चढ्ने क्रममा पनि उनले आफ्ना पुरुष सह-आरोहीहरूद्वारा अपहेलित हुनुपऱ्यो। यात्राको क्रममा बिरामी पर्दा महिलाहरू कमजोर हुन्छन् तर पुरुष बिरामी पर्नु सामान्य कुरा हो भन्ने एक साथीको टिप्पणीले उनलाई निकै दुःखी बनायो। उनले यी सबै कुरालाई नियाल्दै भनेकी छिन्, "महिलाहरू पुरुष समान मात्र स्वीकारिनका लागि पनि बलियो, उत्कृष्ट र धेरै अनुभवी हुनुपर्छ।" सगरमाथा यात्राको क्रममा उनले हिमालय आरोहणलाई अरू बढी सङ्गठित र लागू गर्ने ज्ञान हासिल गरिन् र महिलाहरू मात्रको अन्नपूर्ण यात्राको सङ्कल्प पूरा गरिन्।

सन् १९७८ मा अर्लेनले महिलाहरूको मात्र समूहलाई प्रतिनिधित्व गर्दै अन्नपूर्णको यात्रा सफलतापूर्वक तय गरिन्। यात्राका क्रममा उनी र उनका सहयात्रीहरूले भोग्नुपरेको कठिन परिस्थितिमा आफ्ना दुई सहयात्रीको निधन र चुचुरोमा पुगेको क्षणको खुशीलाई मनछुने ढङ्गबाट प्रस्तुत गरेकी छिन्। यो समूह नै ८ हजार मीटर उँचाइसम्म पुग्ने पहिलो अमेरिकी महिला समूह हो। यसै यात्रालाई समेटेर उनले अन्नपूर्ण: अ विमेन्स प्लेस नामक प्रस्तुत कृति तयार गरेकी हुन्। त्यस्तै सन् १९८० मा महिलाहरूकै समूह बनाएर उत्तरी भारतको गर्शवाल क्षेत्रको भिगुपन्ठ नामक आइसपिक पनि सफलतापूर्वक चढिन्। डेनाली, अन्नपूर्ण र भिगुपन्ठको यात्रा सफलतापूर्वक तय गरेपछि महिलाहरूले पनि उच्च र कठिनतम हिमालहरू चढ्न सक्छन् भन्ने प्रमाणित भएको मान्छिन्, उनी। भिगुपन्ठलाई आफ्नो अन्तिम आरोहण मान्दै उनले फेरि नयाँ सपना बुनिन् ग्रेट हिमालयन रेन्जको पदयात्रा।

सन् १९८१/८२ सम्म उनले हिमालय क्षेत्रको यात्रामै बिताइन्। उनले यो यात्रा हुज स्वीफ्टसँग तय गरिन्। जसलाई उनले १९८० मा ब्रेक्लीको एक पार्टीमा भेटेकी थिइन्। यी दुईले भूटानबाट आफ्नो यात्रा शुरु गरे। यात्राका क्रममा हरेक देशको संस्कृति, रहनसहनलाई सजीव चित्रण गरेकी छिन्। नेपाल यात्राको सन्दर्भमा उनले नेपालको अलौकिक सुन्दरताको वर्णन गरेकी छिन्। नेपालका भरियाहरूसँगको आत्मीय सम्बन्धको प्रशंसा पनि गरेकी छिन्। नेपाल यात्राका क्रममा यहाँका बासिन्दाको स्वागत, सत्कार र माया पाएर हर्षित हुँदाको अनुभवलाई पनि खुलेर वर्णन गरेकी छिन्। जुम्ला यात्राको क्रममा त्यहाँको संस्कृति देखेर उनी निकै अचम्मित भइन्। भारतमा महिलाहरू टाउकोमा भारी बोकिरहेका बेला पुरुषहरू हुक्का तान्दै गफ गरिरहेको र बच्चाहरू खाली खुट्टा भैंसी, गाई र बाखासँग खेल्दै गरेको दृश्यले नेपाल र भारतको जीवनमा समानता भएको लाग्यो उनलाई। इन्दिरा गान्धीसँगको भेटमा पनि उनले महिलाहरूको मिहिनेतको प्रशंसा गरिन् भने उनीहरूको परिस्थिति देखेर दुःखी पनि भइन्। उनी स्वामी विवेकानन्दले भनेको कुरा सम्झन्छिन्, "विश्वको प्रगतिका लागि सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको महिलाको स्थितिमा सुधार हो। चरा एउटा पखेटाले उड्न सक्दैन।"

## अनुसन्धान

अर्लेन एक सफल आरोही मात्र नभएर सफल अनुसन्धानकर्ता पनि हुन्। उनी सानैदेखि पढाइमा अब्बल थिइन्। उनले कलेजमा हुँदादेखि नै ज्वालामुखी ग्याँसहरूको अनुसन्धान थालेकी थिइन्। आफ्नो अनुसन्धानबाट उनले प्यासिफिक नर्थवेष्ट र मेक्सिकन ज्वालामुखीहरू नजिक भविष्यमा फुट्न सक्ने र धेरै क्षति हुने कुरा पत्ता लगाइन्। जुन कुरा १४ वर्षपछि सन् १९८० मा सत्य सावित भयो। कलेजको अध्ययन सकेपछि केटी मान्छेलाई चाहिने अध्ययन पूरा भयो भन्ने सोचले परिवारले उनलाई बिहेको दबाब दिए। तर उनी आफ्नो दृढतामा विश्वास गर्दै विद्यावारिधि गर्न चाहन्थिन्। उनले विद्यावारिधि गर्ने क्रममा निकै सङ्घर्ष गर्नुपऱ्यो। सङ्घर्षका क्रममा उनलाई धेरैचोटि त्यहाँबाट भाग्ने कुरा मनमा नआएको पनि होइन तर उनले आफ्नो अध्ययन पूरा गरेरै छाडिन्। उनले जब आफ्नो विद्यावारिधि अनुसन्धानका लागि सुपरभाइजर बनिदिन प्राध्यापकलाई अनुरोध गरिन्। प्राध्यापकले उनलाई सीधै भनिदिए, 'नो गर्ल्स इन माई ग्रुप' यसले पनि उनलाई कति गाह्रो भयो भन्ने कुरा दर्शाउँछ। पुरुषको यस्तै खाले अहंले महिलालाई सङ्घर्ष गर्न प्रेरित गरेको कुरा पनि उनको पुस्तकले बताएको छ। पुरुष हुनुको घमण्डकै कारण महिलाले प्रगति गर्न सकेको खुलासा पुस्तकले गरेको छ।


आरोहण र अनुसन्धानको बीचबीचमा उनले आफ्नो प्रेम र व्यक्तिगत जीवनलाई पाठकसामु प्रस्तुत गर्न हिचकिचाएकी छैनन्। रोव गोर्मेसलसँग वैवाहिक जीवनमा बाँधिएकी उनले ४१ वर्षको उमेरमा छोरी जन्माइन्। उनको आरोहणप्रति यति धेरै मोह थियो कि उनले सानी छोरीलाई समेत लिएरै यात्रा गरिन्।

नेपाल यात्राका एक शेर्पा सहयोगीले मानिसको जीवन सुखी रहन तीन कुरा चाहिन्छ भनेका छन्- गर्नलाई केही काम, बस्नलाई कुनै ठाउँ र माया गर्नलाई कुनै व्यक्ति। मिहिनेत, लगनशील, आत्मविश्वास, साहस र दृढताले उनलाई यी तीनै कुरा प्राप्त गरायो। सफल आरोही, अनुसन्धानकर्ता र आमा बन्नु चानचुने कुरा थिएन तर उनले यसलाई हासिल गरेरै छाडिन्।

उनले आफ्नो आरोहण यात्राका क्रममा केही सहयात्रीहरू गुमाइन्, अपहेलना र चुनौतीको सामना गरिन्। तर यी सब दुःख पीडाका बावजूद पनि आफ्नो यात्रा तिरन्तर जारी राखिन् सपना पूरा गरिन्। जीवन जिउँदा बाधा/अड्चन आउन सक्छ तर जसले दुःखसँग नडराई निराश नभई त्यसको सामना गर्दै अगाडि बढ्छ उसले नै सफलता प्राप्त गर्छ भन्ने प्रेरणा मिल्छ।

हरेक मानिसले आफूलाई कमजोर नठानी आफ्नो लक्ष्य प्राप्तिका लागि अग्रसर हुनुपर्छ। विशेषगरी महिलाको हकमा त अरू बढी सक्रिय हुनुपर्छ। ती सबै महिला जो आफ्नो उद्देश्यसम्म पुग्ने बाटो आफैं तय गर्न चाहन्छन् र सफल हुन चाहन्छन् उनीहरूका लागि यो पुस्तक निकै प्रेरणादायी सावित भएको छ।

# गरीबीको अर्थशास्त्र




पुअर इकोनोमिक्स : रिथिङ्किङ पोभर्टी एण्ड दि वेज टु इन्ड इट
*लेखक : अभिजित भी. बनर्जी र एस्थर डुफ्लो*

**समीक्षक : आश्रय दीक्षित**

अभिजित भी बनर्जी र एस्थर डुफ्लोको संयुक्त पुस्तक *पुअर इकोनोमिक्स : रिथिङ्किङ पोभर्टी एन्ड द वेज टु इन्ड इट* ले गरीबीको कुचक्र कायम रहने सामाजिक र राजनीतिक अन्तरसम्बन्धको लेखाजोखा गर्दै त्यसको निवारणका व्यावहारिक ढाँचाहरू प्रस्तुत गर्छ।

सामान्यतया अर्थशास्त्रीहरू गणितीय लेखाजोखा एवं कम्प्युटर मोडलको प्रयोग गरेर निष्कर्षमा पुग्छन् र त्यस्तै निष्कर्षहरूले आर्थिक र सामाजिक विकासको बाटो देखाउँछन् भन्ने तर्क गर्छन्। तर समाजका चुनौती र गरीबीका व्यथा गणितीय मोडलले मात्रै समेट्न सक्दैनन्। गरीबीको कुचक्रबाट विपन्न घरपरिवारलाई उकास्ने नीति तर्जुमा गर्नका लागि समाजका वास्तविकतासित जोडिनुपर्छ। साथै विगतमा गरिएका योजना वा उपायहरूले के-कस्ता असर ल्याए सो आकलन गर्ने विधि हुनु पनि त्यत्तिकै जरूरी हुन्छ।

अर्थशास्त्री लेखकद्वय अमेरिकास्थित म्यासाच्युसट इन्स्टिच्यूट अफ टेक्नोलोजी (एमआइटी) मा रहेको अब्दुल लतिफ पर्भटी एक्सन ल्याब (जे-पाल) नामक अनुसन्धान संस्थामा कार्यरत छन्। उक्त संस्थाले विश्वका विभिन्न मुलुकका सरकार र स्थानीय समुदायको सहभागितामा गरिएका गरीबी निवारणका विभिन्न प्रयासहरूबारे अध्ययन अनुसन्धान गर्छ। सो क्रममा जे-पालका अध्ययनकर्ताहरू विश्लेषणका लागि प्रयोग भइरहेका विधिहरू परिष्कृत पार्छन्। यसरी प्रयोग हुने एउटा विधि हो, र्‍यान्डम कन्ट्रोल ट्रायल (आरसीटी)। आरसीटी विधिले नीति वा विकास निर्माणका प्रभावको आकलन गर्दै र नतीजा र निचोडहरूलाई नीति निर्माणमा सहयोगी बनाउने हेतुले नीति निर्माताहरूसित नियमित संवाद गर्छ। यस पुस्तकमा स्थानीय विकास योजनाका सफल वा असफल दुवैथरी अनुभवहरू समेटिएका छन्।

## गरीबीको बहस

लेखकद्वयले उठाएको गरीबी निवारण सम्बन्धी बहसको एउटा छेउमा कोलम्बिया विश्वविद्यालयका अर्थशास्त्री प्राध्यापक जेफरी साक्स छन्। प्रा. साक्सको तर्क छ, गरीबीको कुचक्रका कारण घरपरिवार र व्यक्तिहरू विपन्न भएका हुन्। सामाजिक, राजनीतिक, सांस्कृतिक परिस्थिति र संस्थागत व्यवस्थाले धेरै घरपरिवार र समुदायका सदस्यलाई गरीबीको कुचक्रबाट उम्कन दिँदैन। तिनलाई त्यस्तो कुचक्रबाट बाहिर निकाल्न बाह्य सहयोग (अरू भनौं विदेशी सहयोग) आवश्यक पर्छ। आफ्नो तर्कको पुष्टिका लागि उनी आफ्नै अगुवाइमा अफ्रिकी मुलुकहरूमा कार्यान्वयनमा ल्याइएको सहस्राब्दी ग्राम परियोजनाहरूको उदाहरण दिन्छन्।

विवादको अर्को छेउमा विपरीत दृष्टिकोण राख्ने न्यूयोर्क विश्वविद्यालयका प्राध्यापक विलियम इर्ष्टली छन्। उनी भन्छन्, यस्तो बाह्य सहयोगले फाइदा भन्दा बढी बेफाइदा गरेको छ। विदेशी सहयोगले स्थानीय संस्थाहरूलाई भ्रष्ट बनाउँदै सहयोगको व्यापारलाई मात्रै निरन्तरता दिएको छ। उनी थप्छन्, यदि उपयुक्त बजार व्यवस्था कायम रहने हो भने व्यक्ति र घरपरिवारलाई सहयोगको कोसेली आवश्यक पर्दैन ती आफैं नै गरीबीको कुचक्रबाट निस्कन सक्छन्। तर यसो हुन उचित प्रोत्साहन (इन्सेन्टिभ) हुनु जरूरी छ।

खाद्य असुरक्षाले गरीबीको कुचक्र कायम राख्छ। खाद्यको विषय जीवनयापनका साथै उत्पादकत्वसित पनि जोडिएको छ। प्रश्न हो, यदि विपन्न परिवारलाई पर्याप्त खाना उपलब्ध गराए तिनको आर्थिक उत्पादकत्व माथि जान्छ त? प्रश्नको उत्तर स्पष्ट छैन। बनर्जी र डुफ्लो भन्छन् पर्याप्त खाना उपलब्ध गराउँदैमा उत्पादकत्व बढ्दैन तर गर्भवती आमा र बालबच्चाले पौष्टिक खाना पाए भने चाहिं उत्पादकत्व बढ्छ। विपन्न परिवारलाई खानाको सहुलियत (सब्सीडी) दिँदैमा उनीहरूको खानाको गुणस्तर नबढ्न सक्छ। बरु हरेक दिन खाना धेरै सस्तो वा नि:शुल्क उपलब्ध भयो भने उनीहरू आफूले जम्मा गरेको पूँजी महँगो खानेकुरा किन्नमा प्रयोग गर्न सक्छन्। लेखकद्वयको तर्क छ, विपन्नहरूको स्थिति सुधार्न नीति निर्माताहरूले त्यस्ता घरपरिवारको खर्चको परिपाटी के-कस्तो छ बुझ्नु जरूरी हुन्छ।

खाद्य सुरक्षा र खानाको विषय स्वास्थ्यसँग पनि जोडिन्छ। पुस्तकका अनुसार सही सूचनाको अभाव, राजनीतिक आस्था र सार्वजनिक स्वास्थ्य सेवा गुणस्तरहीन हुनाको कारण विपन्न घरपरिवार स्वास्थ्य सेवाबाट बञ्चित हुन्छन्। स्वास्थ्य सेवासित जोडिएका यावत् प्रश्नहरूलाई खुट्याउनाले सो सेवालाई सुधार्न सहयोग पुग्छ। सस्तो खोप, नुन चिनी पानी, पानी शुद्ध गर्ने क्लोरिन चक्की जस्ता उपाय भए पनि विपन्नहरू तिनको उपयोगिताबारे सचेत नहुन सक्छन्। तसर्थ यस्ता उपाय सहुलियत दरमा उपलब्ध गराउनु स्वास्थ्यस्थिति सुधार्ने एउटा बाटो हो भन्ने पुस्तकको तर्क छ। तर समस्या यस्ता उपायमा पहुँच नहुनु मात्र होइन। उनीहरू बिरामी भएपछि मात्रै उपचारका उपाय खोज्दछन्। उनीहरू भएका ठाउँका स्वास्थ्य केन्द्रहरूमा स्वास्थ्यकर्मी हुँदैनन् वा तिनले आवश्यक तालीम प्राप्त गरेका हुँदैनन्। रोगको सही निदान र गलत वा चाहिनेभन्दा बढी औषधि सिफारिश भएका उदाहरण धेरै छन्। जथाभावी औषधि दिंदा त्यसकै नराम्रो असर पर्न गयो भने स्वास्थ्य सेवा र स्वास्थ्यकर्मीहरूप्रति नकारात्मक धारणा बन्न जान्छ। त्यस्ता घरपरिवारको स्वास्थ्य सुधार्न स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि, समस्याको सही पहिचान,

उचित औषधिको सिफारिश र सो भयो/भएन हेर्न राज्यको नियमन अत्यन्तै जरूरी हुन्छ।

## शिक्षाको चुनौती

पुस्तकले शिक्षाबारे पनि विस्तृत विवेचना गरेको छ। विदेशी सहयोगको उपयोगिताबारे दृष्टिकोण दुई खेमामा विभाजित भए जस्तै शिक्षाको विषयमा पनि यस्तै दुई धार देखिन्छन्। एउटा धारले भन्छ, कक्षामा विद्यार्थीको सङ्ख्या बढाएर शिक्षकको शिक्षण क्षमता बढाए शिक्षाको स्तर माथि जान्छ। अर्को धारले तर्क गर्छ, होइन सङ्ख्या बढाउनु मात्रै समाधान होइन। शिक्षा नीतिले शिक्षाको वास्तविक माग प्रतिबिम्बित गर्नुपर्छ अर्थात् कुन सन्दर्भ सुहाउँदो कस्तो शिक्षा दिने भन्ने प्रश्न त्यत्तिकै महत्त्वपूर्ण हुन्छ। यदि विपन्न घरपरिवारले अन्य लगानी गर्दा फाइदा हुन्छ भन्ने अनुभूति शिक्षामा पनि देखे भने उनीहरू केटाकेटीलाई स्तरीय शिक्षा दिन स्वत: लगानी गर्छन्। लेखकद्वय यो प्रश्नलाई माथि उल्लिखित दुइटै दृष्टिकोणबाट विवेचना गर्छन् र भन्छन्, चुनौती स्तरीय शिक्षा प्रदान गर्नु हो। प्रचलित सहस्राब्दी विकास लक्ष्यले शिक्षाको प्रश्न समेटेको त छ तर स्तरीय शिक्षा कसरी दिने भन्ने कुरा समेटेको छैन। बाँच्न र जीवनयापन गर्न जरूरी हुने आधारभूत क्षमता उपलब्ध गराई, आधुनिक प्रविधिलाई शिक्षकको सहयोगीको रूपमा प्रयोग गरेर विपन्न घरपरिवारले हाल पाउँदै गरेको शिक्षाको स्तर माथि लान सकिन्छ। यसो गर्दा तुलनात्मक रूपमा सम्पन्न घरपरिवारले बढी फाइदा त पाउँछन् तर वृहत्तर शिक्षा प्रणालीलाई नै टेवा पुग्ने हुँदा हाल केही पनि नपाइरहेका विपन्न घरपरिवारका केटाकेटी पनि स्तरीय शिक्षाको उपलब्धताबाट लाभान्वित हुन सक्छन्।

गरीबी निवारणमा कार्यरत विशेषज्ञहरू के विश्वास गर्छन् भने थोरै केटाकेटीसहितका परिवार धेरै केटाकेटी भएका परिवारभन्दा सजिलोसित गरीबीको कुचक्रबाट माथि उठ्न सक्षम हुन्छन्। साना परिवारका केटाकेटीले ठूलो परिवारका केटाकेटीको तुलनामा अभिभावकको बढी ध्यान पाउँछन्। उनीहरूले बढी पौष्टिक खाना पनि पाउन सक्छन्। यद्यपि धेरै सन्तान चाहनु वा हुनुका कारण पनि गम्भीर छन्, तर तिनको समेत विश्लेषण गर्दै परिवार नियोजनका कार्यक्रमलाई अरू प्रभावकारी बनाउन सकिन्छ।

## जोखिम, बीमा र लघुवित्त व्यवस्था

स्वास्थ्य, खाद्य सुरक्षा, शिक्षा, परिवार नियोजनका प्रश्नहरूले जोखिमको वास्तविकतालाई सतहमा ल्याइपुऱ्याउँछ। विपन्नहरू यस्ता अनेकन् जोखिम बेहोर्न बाध्य हुन्छन् जबकि धनीहरूका लागि यस्ता चुनौतीसित जुध्न थुप्रै व्यवस्था उपलब्ध छन्। विपन्नले आफ्नो जीविकाको लागि धेरै घण्टा काम गर्नुपर्छ। उनीहरू खरखाँचो टार्नका लागि चर्को व्याजदरमा ऋण पनि लिन्छन्। चुनौती अनेकन् भए पनि उनीहरूसित विकल्प सीमित हुन्छन् जसले काम नगरे असफलताको पूर्ण भार विपन्नको थाप्लोमा पर्छ, अरू कसैले त्यो बेहोर्दैन। यस्तो स्थिति हुन नदिने एउटा उपाय लघुबीमा हुन सक्छ। तर आफूलाई तुरुन्त फाइदा नहुने क्षेत्रमा लगानी गर्न वा आफूले कहिल्यै प्रयोग नगर्ने वस्तु किन्न कोही पनि राजी हुँदैन। लघुबीमा व्यवस्थामा सहभागी भए भविष्यमा फाइदा हुन्छ भनी विपन्न घरपरिवारलाई विश्वास दिलाउन सजिलो छैन। तसर्थ विपन्न परिवारले भोग्ने जोखिम कम गर्न सरकार वा अन्य सम्बन्धित निकायले बीमा शुल्कमा अनुदान दिनुपर्छ, लेखकहरू भन्छन्।

जोखिम कम गर्ने क्रममा प्रचलित लघुवित्त सेवाले विपन्न घरपरिवारलाई विभिन्न थरीका आधारभूत सेवा (शिक्षा, स्वास्थ्य, आयआर्जन, कृषि आदि) उधारो लिन सहयोग गरेको छ। लघुवित्तका विभिन्न ढाँचाहरू प्रयोगमा पनि ल्याइएका छन्। यस्ता ढाँचाले समुदायमा विद्यमान नियमित बैठक, बचत, सद्भाव, स्थानीय सङ्गठनमा आबद्धता जस्ता सामाजिक पूँजी प्रयोगमा ल्याएका छन्। यस्तो प्रयोगको प्रयोजन ऋण लिएका परिवारको अनुगमनको खर्च कम गर्न प्रयोग गर्ने गरिन्छ। तर वास्तविकता के हो भने ऋण सापटी लिनेले रकम तत्कालै तिर्नुपर्ने हुँदा विपन्न घरपरिवार लामो समयका लागि ऋणको भार बोकेर निजी व्यवसाय स्थापित गर्न सक्षम हुँदैनन्। न त उनीहरू आफ्नो बचत सो उद्देश्यका लागि प्रयोग गर्न सक्छन्। पहिलो कुरो बचत गर्ने तिनको स्रोतै हुन्न।




दैनिकीका आवश्यकता यति धेरै हुन्छन् कि जे जति बचत छ तुरुन्त खर्च भइहाल्छ। कसै-कसैले बचतको सदुपयोग गर्न घर निर्माणको लागि केही ईंटा किन्छन्, घरको एउटा गारो उठाउँछन् र अर्को वर्षको बचतले फेरि केही ईंटा थप्छन्। बनर्जी र डुफ्लोका अनुसार यसो हुँदा विपन्न घरपरिवारलाई बचत बढाउन त्यति सजिलो छैन। अरु के हुन्छ भने तिनको हातमा रकम उपलब्ध भएको बखत त्यो रकम तत्काल आवश्यकता परिपूर्ति गर्न खर्च गर्छन्, भविष्यका बारे सोच्दैनन्। त्यस्तो स्वनियन्त्रण सम्भव देखिँदैन। भविष्यका लागि लगानी गर्ने स्वनियन्त्रण त्यसबेला स्थापित हुन सक्छ जब विपन्न घरपरिवारहरू भविष्यबारे सकारात्मक र आश्वस्त हुनसक्छन्। हालभन्दा भविष्यमा राम्रो स्थितिमा पुगिन्छ भन्ने तिनलाई विश्वास भएमा ती उपलब्ध रकम तत्काल खर्च नगरी लगानीका लागि तयार हुन सक्छन्। भविष्यप्रति आश्वस्त हुने प्रश्न मुलुकको समग्र नीति, राजनीतिक चाँजोपाजो एवं केही हदमा भूराजनीतिमा पनि भरपर्छ।

लघुवित्त संस्थाका प्रवर्तकहरू के भन्छन् भने यस्ता व्यवस्थाले व्यवसायी सीपलाई बढाउन भूमिका खेलेका छन्। बनर्जी र डुफ्लोको अध्ययनले भन्छ यसो हुनसकेको छैन। हो, लघुवित्त सेवाले विपन्न घरपरिवारलाई थप मौका खोज्ने सम्भावना खोल्छ तर तिनले व्यवसाय प्रवर्द्धन गरेका उदाहरण छैनन्। स्थानीयस्तरमा स-साना पूँजीमा पहुँच बढ्नु जरूरी हुन्छ तर त्यसो हुँदैमा विपन्न घरपरिवार व्यवसायमा लागिहाल्न सक्दैनन्। व्यवसायी बन्न वास्तवमा सजिलो छैन। व्यवसाय अगाडि बढाउन व्यवसायीहरूले निरन्तर लागिरहनुपर्छ, रकम र समयको लगानी गर्दै। तिनले के पनि स्वीकार गर्नुपर्छ भने भविष्यमा जोखिमको स्तर बढ्न सक्छ। बनर्जी र डुफ्लो भन्छन्, धेरै जोखिम भोग्दै गरेका विपन्न घरपरिवार यस्तो बाटो छान्छन् भन्नु अज्ञानताको प्रतीक हो। विपन्न घरपरिवारका सदस्यहरूमा व्यवसाय प्रवर्द्धन गर्ने सीप, प्रविधि, ज्ञान र व्यवस्थापकीय क्षमता हुँदैन। उनीहरूमा जोखिम बेहोर्न सक्छौं भन्ने विश्वासै हुँदैन।

बरु धेरैतिर विपन्न घरपरिवार नियमित र स्थिर आम्दानीका स्रोत खोज्छन्। आम्दानी नियमित र स्थिर हुन सके विपन्न परिवार भविष्यका बारे सोच्न सक्छन्, किनभने आम्दानीले अनिश्चितता र जोखिम केही हदमा न्यून गर्छ। लेखकद्वय आफ्नो अध्ययनको निचोड निकाल्दै भन्छन्, जब विपन्न परिवारलाई खाना, केटाकेटीको शिक्षा र आकस्मिक स्वास्थ्य सेवाको लागि केही रकम उपलब्ध छ भन्ने विश्वास हुन्छ ती बचत गर्न, कम केटाकेटी जन्माउन र शायद स-साना बन्द-व्यापारको जोखिम पनि उठाउन तयार हुन्छन्। गरीबी निवारणका प्रयास व्यापक र प्रभावकारी बनाउने हो भने स्थानीयस्तरमा नियमित र स्थिर आम्दानीको स्रोत दीगो बनाउनुपर्छ।

## नीति र राजनीति


गरीबी निवारणका चुनौती समाधान गर्न नीति र राजनीति दुवैलाई बुझ्न आवश्यक छ भन्ने पुस्तकको जिकिर छ। यस प्रयासमा हरेक मुलुकको राजनीतिक र आर्थिक संस्था (इन्स्टिच्युसन) को महत्त्वपूर्ण भूमिका हुन्छ। यहाँ भनिएको संस्था सङ्गठन होइन यद्यपि नेपालमा संस्था र सङ्गठनलाई एउटै कित्तामा राखेर प्रयोग गर्ने गरिन्छ। संस्थाले संवाद वा संसर्गका (इन्गेजमेन्ट) नियम वा तौरतरीका प्रतिबिम्बित गर्छ। यस व्याख्या अनुसार सङ्गठन संस्था अन्तर्गत रहने एउटा ढाँचा हो। सम्पत्ति अधिकार वा करप्रणाली जस्ता आर्थिक संस्थाले मुलुकमा आर्थिक प्रोत्साहनका ढाँचा प्रतिबिम्बित गर्छन्; जस्तै शिक्षित हुने, लगानी गर्ने, नियमित बचत गर्ने, सिर्जना गर्ने र व्यवसाय गर्ने। राजनीतिक संस्थाले नागरिकले राजनीतिज्ञ माथि राख्ने नियन्त्रणको परिपाटी जनाउँछ। हरेक मुलुकका आर्थिक संस्थामा राजनीतिक तप्काको प्रभाव र केही हदमा नियन्त्रण हुने



गर्छ। राजनीतिक संस्थाका अन्य आयाम हुन् प्रजातान्त्रिक व्यवस्था, विकेन्द्रीकरण, बालिग मताधिकार। बनर्जी र डुफ्लो यस्ता संस्थालाई राष्ट्रिय (वा बृहत्तर स्तरका) संज्ञा दिन्छन्। तिनको व्यवहार के कस्तो छ भन्ने विवेचना आवश्यक छ। धेरै मुलुकमा यस्ता संस्थाहरू सकारात्मक परिवर्तनका संवाहक होइनन्। बनर्जी र डुफ्लोको विश्लेषणहरू नेपालको हकमा निकै मननयोग्य छन्। सन् १९९५ मा नेपालमा गरीबीको प्रतिशत ४१.८ थियो जुन सन् २००३/२००४ मा ३०.८ प्रतिशतमा झऱ्यो। विगतका थुप्रै विश्लेषणका अनुसार यो कमी विदेशमा काम गर्न गएका नेपालीहरूले पठाएको रेमिटचान्स आम्दानीका कारण हो, सरकारले अवलम्बन गरेका नीतिका कारण होइनन्। यद्यपि सरकारले लिएका नीतिका कारण खानेपानी आपूर्ति, सरसफाइ एवं बालबालिका शिक्षामा उपलब्धि भएका छन् तर पनि चरम गरीबी व्याप्त छ। नेपाली युवाहरू कामदार भएर विदेश जान चाहने थुप्रै कारणमध्ये एउटा बनर्जी र डुफ्लोले प्रस्तुत गरेको विश्लेषणसित मिल्छ, त्यो हो, नियमित र स्थिर आम्दानीको चाहना। नेपाली कामदार जाने खाडी लगायतका मुलुकहरूमा त्यस्ता आम्दानी हुनसक्ने आर्थिक क्रियाकलाप सञ्चालित छन् नेपालमा छैन, किन? यो स्थिति उल्टयाउनु पर्छ कि पर्दैन? कसरी? कसले? कुन समयसीमाभित्र? पुस्तकले गरीबी निवारणसित सम्बन्धित यस्ता प्रश्नबारे गहिरो चिन्तन गर्न प्रेरणा दिन्छ।

**(आश्रय दीक्षितले संयुक्त राज्य अमेरिकाको ग्रीनेल कलेजबाट अर्थशास्त्र र गणित विषयमा शिक्षा हासिल गरेका छन्।)**

# बैठकभित्र आइपुगेका ध्यानवाद




म्याकडोनाल्डाइजेसन, मसाला म्याकगोस्पेल एण्ड ओम इकोनोमिक्स
*लेखक : जोनाथन डी. जेम्स*

**समीक्षक : सुधिरेन्द्र शर्मा**

पहिले पहिले आफूले चाहेका कुरा खोज्नुपर्थ्यो, त्यसका लागि मिहिनेत गर्नुपर्थ्यो। हिजोआज बीमाको योजना होस् वा निर्माणको परामर्श, सबै हाम्रा बैठक कोठामै आइपुग्न थालेका छन्। अरू त परै जाओस्, आस्थाको कुरा पनि खोज्नुपर्दैन। गेरुवस्त्र धारण गरेका रामदेव हुन् वा इभानजीकल महानायक जो ओस्टिन, हरेक प्रकारका आस्थाको प्रसारण बैठक कोठाको टेलिभिजन सेटमा उपलब्ध हुन सक्छ। रिमोट थिच्नेबित्तिकै विश्वभर प्रसारण हुँदै गरेका धर्म र आस्थाका टेलिभिजन च्यानलहरू भेटिन्छन्। यस्ता अग्रसरताहरूका कारण पुजारी उपभोक्ता सिर्जना गर्दैछ न कि ईश्वरसित जोडिएका आस्तिक व्यक्तिहरू। आस्था र धर्म सुपरमार्केट र मलहरूमा बेचबिखन गरिने वस्तुसरह भएको छ। यो सन्दर्भलाई विश्वव्यापीकरणको एउटा प्रतिफल मान्दै पुस्तकले सो विश्वव्यापी प्रक्रियालाई सांस्कृतिक र धार्मिक परिदृश्यबाट विवेचना गर्ने प्रयास गरेको छ।

लेखक जोनाथन डि जेम्सको विश्लेषणको आधार भारतमा सञ्चालित दुई-दुई वटा इसाई र हिन्दू टेलिभिजन च्यानलका प्रसारण सामग्री हुन्। साथै, उनले भारतको मुम्बई र हैदरावादमा रहेका मध्यमस्तरमा कार्यरत पुरोहितहरूसित लिएको अन्तर्वार्ताहरूले अनुसन्धानलाई थप टेवा दिएका छन्। भारतलगायत विश्वभरि प्रसारण हुँदै गरेका धार्मिक टेलिभिजन कार्यक्रमबारे पुस्तक गहन विश्लेषण र विवेचना गर्दछ।

मिडियाले प्रवर्द्धन गरेको धर्मले यसरी बैठकमा व्यापक स्थान पाउन थालेपछि धार्मिक आस्था, राजनीति र पूँजीवादी बजारका नमिल्दो सहयात्री बन्न पुगेको छ। हवाई तरङ्गमा यसरी हुँदै गरेको हस्तक्षेपले धर्मलाई बजार र वित्तीय व्यवस्थासँग रुन् जोडेको मात्रै छैन बरु टेलिभिजनमा आधारित धार्मिक सञ्चार व्यवसाय निरन्तर राख्ने अर्थ-राजनीतिको निर्माण पनि गर्दैछ। मूलतः प्राणायामका तौरतरिका सिकाउने भनेर चिनिएका भारतका रामदेव यस्ता एउटा उदाहरण हुन् जो धर्मसँग गाँसिएको आफ्नो आर्थिक व्यवसाय निरन्तर राख्न टेलिभिजनको व्यापक प्रयोग गर्छन्।


टेलिभिजनमा आधारित यस्ता कार्यक्रम सम्प्रेषणले धार्मिक आस्थालाई फाइदाको जोडघटाउ गर्न सक्ने उपभोक्तासमक्ष एउटा उपभोग्य वस्तुको रूपमा प्रस्तुत गरेको छ। टेलिभिजन गुरु रामदेव वा श्री रवि शङ्करका लाखौं अनुयायीहरू मध्यमवर्गीय परिवारका हुन् जसका लागि बिरामी भएपछि उपचार खर्च बेहोर्न निकै महँगो हुन थालेको छ। त्यस्ता परिवारका सदस्यहरू विना खर्च राम बाण हासिल गर्ने र रोगबाट मुक्ति पाउने प्रयत्नमा टेलिभिजनमा आ-आफ्ना गुरुहरूलाई पछ्याउँछन्।

आस्था र धर्मका विषयमा टेलिभिजनको बढ्दो प्रयोगले विभिन्न धर्म र आस्थाका अनुयायीहरू सह-अस्तित्वमा रहन सक्ने परिवेश बनाउन सक्छ भन्ने एउटा तर्क हुन सक्छ। तर, सञ्चारमाध्यमको बढ्दो प्रयोग र यसखाले विषयगत सम्प्रेषणले बहुल धार्मिक र सांस्कृतिक आस्थाको सह-अस्तित्व पनि सम्भव गराउन सक्छ। धार्मिक सञ्चारले दर्शकहरूलाई आ-आफ्नो सांस्कृतिक सार अझ दरिलो बनाउने सन्दर्भमा व्यक्तिगत, सामुदायिक र धार्मिक पहिचानको प्रश्नलाई अझ जडसूत्रवादी बनाउन सक्छ। भविष्यमा यस्तो भयो भने विभिन्न धर्मप्रति आस्था राख्ने समुदाय वा सभ्यताबीच समझदारी बढ्ला कि असमझदारी? शान्ति कि द्वन्द्व? यस्ता प्रश्नहरूलाई विवेकशील ढङ्गले हेर्दै-खोज्दै उचित जवाफ खोज्न र व्यवस्थापन गर्न सकिएन भने धर्म र आस्थामा आधारित टेलिभिजन माध्यमको बाहुल्यले द्वन्द्व पनि निम्त्याउन सक्छ, लेखक चिन्ता व्यक्त गर्छन्।

**(नयाँदिल्ली निवासी सञ्चारकर्मी सुधिरेन्द्र शर्मा विकास, वातावरण लगायतका विषयमा चासो राख्छन्।)**

# जीवनको यात्रा

## सरल अंग्रेजीमा अनूदित, संसारको सबभन्दा लोकप्रिय उपन्यास




दि अल्केमिस्ट
*लेखक : पाउलो कोहेलो*

**समीक्षक : लिना बज्राचार्य**

ब्राजिलियन लेखक पाउलो कोहेलोको *द अल्केमिस्ट* (१९८८) सर्वाधिक बिक्रीको इतिहास बनाएको साहित्यिक पुस्तक हो। अन्तर्राष्ट्रिय समाचार संस्था एएफपीको स्रोत दिँदै विकिपीडियाले लेखे अनुसार यो पुस्तक अहिलेसम्म ५६ अन्तर्राष्ट्रिय भाषाहरूमा गरी ६ करोड ५० लाख प्रति छापिइसकेको छ। ४२ भाषामा अनुवाद हुँदै गिनिज बुक अफ वर्ल्ड रेकर्डमा दर्ता भएको यस पुस्तकको त्यो ठाउँ अरू कुनै किताबले लिन सकेका छैनन्।

### कथासार

"जब तिमी केही चीज सच्चा मनबाट चाहन्छौ, सबै संसार तिमीलाई त्यो चीज दिलाउन लागिपर्नेछ" भन्ने प्रचलित पंक्ति नै यस उपन्यासको सार हो। यसले कुनै पनि नयाँ काम गर्नका लागि सबैलाई उत्प्रेरणा प्रदान गर्छ। पाठकको ऊर्जा बढाउने प्रसङ्ग र कथनहरूका कारण यो पुस्तक केही गरेर आफूलाई उभ्याउने चाहना भएका व्यक्तिहरूका लागि प्रेरणाको स्रोत भएको छ। पाठकका मनमा सकारात्मकता बढाउनु नै यस किताबलाई सफलताको शिखरमा पुऱ्याउने रहस्य हो भन्न सकिन्छ।

*द अल्केमिस्ट* जादूगरी कथामा आधारित एउटा उपन्यास हो। यसले सपना देख्ने र त्यसलाई साकार पार्ने आँट गर्ने मान्छेलाई प्रतिनिधित्व गर्छ। आफ्नो सपना साकार गराउनु छ भने पाइला चालिहाल्नुपर्छ, चमत्कार होला भनेर कुरेर बस्नु मूर्खता हो भन्ने यसको एउटा सार हो।

कथाको प्रमुख पात्र सान्टियागो स्पेनको भेडा गोठालो त हो नै, आफ्नो सपना पछ्याएर बाँच्न चाहने संसारभरका युवाको प्रतिनिधि पनि हो। ऊ आफ्नो सपनालाई पछ्याउँदै जीवनको यात्रामा अगाडि बढ्छ र आफ्नो इच्छानुसार जीवनयात्रालाई मोड्दै जान्छ।

सान्टियागो बारम्बार एउटा सपना देख्छ। सपनामा ऊ पिरामिड र त्यहाँ रहेको अनमोल धन देख्छ तर त्यस सपनाको अर्थ भने बुझ्दैन। त्यसैले आफ्नो कल्पना मात्रका भरमा ऊ सपनामा देखिएको धन हासिल गर्ने बाटो खोज्न थाल्छ। यात्राको क्रममा भेटेका एउटा राजाबाट उसले गन्तव्यका बारेमा जानकारी पाउँछ र ऊ त्यसै अनुसार अघि बढ्छ। उसले भेडाहरूबाट केही सिक्यो, जीवनको रहस्यका बारे पत्थरबाट पनि ज्ञान पाइन्छ भन्ने बुझ्यो। उसले विशाल मरुभूमिबाट प्रेम, जीवन, गन्तव्य, धैर्य, प्रयोग, साहस, जीवनको उत्साह र अन्य जीवनका सत्यहरूका बारेमा शिक्षा लिन्छ र आफ्नो लक्ष्यमा पुग्ने आधार तय गर्छ। सान्टियागो आफ्नो सच्चा प्रेमको पहिचान गर्छ र योग्य साथी कसरी चिन्ने भन्ने कुरा पाठका रूपमा सिक्छ।

सान्टियागोलाई सधैँ दोहोरिने सपनाले हरेक दिन सताउँथ्यो। एक रात उसले अघिल्लो साता देखेको सपना पुन: देख्यो। सपनामा एउटा बच्चाले उसलाई लुकाइएको धन इजिप्टको पिरामिडमा छ भनेको थियो। सपनालाई केही रहस्यमय वस्तुहरूले घेरिएको महसुस भयो। रहस्य खोल्ने विचारले एउटा जिप्सी महिलालाई उसले सपनाको अर्थ सोध्यो। महिलाले सान्टियागोलाई इजिप्ट जाने सल्लाह दिइन्। आफूले प्राय: देखिरहने सपनालाई उसले विशेष महत्त्व दियो र एकजना जादूगर महिलालाई आफ्नो सपनाको बारेमा सोध्यो। महिलाले उसलाई भनिन्, "तिमी त यहाँ आफ्नो सपनाको बारेमा जान्न आएका हौ। सपना भनेको ईश्वरीय आभास हो। यदि ईश्वरीय शक्तिलाई विश्वास गर्ने हो भने मात्र तिमी त्यो आभासलाई महसुस गर्न सक्छौ र सपनाको बारेमा आफू मात्र सुन्न सक्छौ।"

हरेक मान्छे युवावस्थामा पुगेपछि आफ्नो लक्ष्य कोर्न शुरू गर्छ र त्यसलाई हासिल गर्नका लागि मरिमेटेर लागिपर्छ भन्ने सन्देश छोड्न सफल छ, यो पुस्तक। लेखकको तर्क अनुसार मानिसको जीवनमा कुनै न कुनै लक्ष्य रहेको हुन्छ जुन प्राप्तिका लागि ऊ जीवनको यात्रामा निरन्तर अघि बढ्छ। चाहे उसको सपना पूरा हुने होस् वा नहुने जुनसुकै लक्ष्य भए पनि यात्रा रोक्दैन।

सान्टियागो यात्राकै क्रममा रहेका बेला ऊसँग भएको सबै सामान लुटिन्छ र ऊ काम खोज्दै एउटा हीरा व्यापारीकहाँ पुग्छ। दयालु हीरा व्यापारीले सान्टियागोलाई धेरै सल्लाह दिन्छ। सान्टियागोले पनि हीरा व्यापारीलाई व्यापारमा खतरा मोल्नका लागि प्रेरणा दिन्छ। त्यो खतरा लिएर गरिएको काम सफल हुन्छ र सान्टियागो एक वर्षमा धनी बन्छ। धन कमाइसकेपछि सान्टियागोले आफ्नो इजिप्टको पिरामिडमा लुकेको धन खोज्ने सपना पूरा गर्ने सोच राख्छ। त्यसपछि सहारा मरुभूमि पार गर्दै गरेको लस्करमा मिसिन्छ, जहाँ उसले रसायन विद्या अध्ययन गरिरहेको एउटा अङ्ग्रेजलाई भेट्छ। सान्टियागोले रसायन विद्याको रहस्य एउटा इमेरल्ड पत्थरमा लेखिएको हुन्छ भन्ने थाहा पायो। त्यो रसायनले पित्तललाई पनि सुनमा परिणत गर्छ र सबै रोगलाई निको पार्छ। सान्टियागोले त्यो अङ्ग्रेज पनि त्यही लस्करसँग सहारा मरुभूमि जान लागेको थाहा पायो। त्यहाँ दुई सय वर्ष पुरानो रसायनविद् बसेको थियो। यात्राकै क्रममा सान्टियागो फातिमा भन्ने केटीको प्रेममा पर्छ। फातिमाले सान्टियागोलाई आफ्नो मनले भने अनुसार गर्ने र मनकै पछि लाग्न सल्लाह दिई।

अल्केमिस्ट वा रसायन विद्या जान्ने व्यक्तिले सान्टियागोलाई लुकेको धनतर्फ जाने बाटो बतायो। सान्टियागो कुनै अघोषित गन्तव्यतर्फ लम्कन्छ। लक्ष्य प्राप्तिका आशामा निरन्तर, नि:सन्देह अघि बढ्छ

र अल्केमिस्टले उसलाई आफ्नो गन्तव्य चिन्न सघाउँछ । विस्तारै सान्टियागोले क्रमश: विश्वमा निहित मानवीय आकांक्षा, पवनको भाषा, सूर्य, बादल, बालुवा र सम्पूर्ण विश्वलाई नै बुझ्छ ।

अन्त्यमा यति धेरै सङ्घर्ष, अध्ययन र जीवन यात्रा प्रसङ्गले यो पात्रले जीवन ज्ञान पायो। आफ्नो यात्रामा अकस्मात् देखापरेका विभिन्न परिस्थिति, मानवीय संवेदना र वस्तुगत चीज आदिले उसलाई आफ्नो गन्तव्यमा पुऱ्यायो। आफ्नै जन्मभूमिमा नै धन रहेको थाहा पायो र धन त्यहाँ हुन्छ जहाँ हाम्रो मन हुन्छ। त्यसैले धन हाम्रो जीवनको यात्रा हो र यात्रामा गरिएका आविष्कारहरू नै सच्चा मानवीय धन हुन् भन्ने कुरा सान्टियागो एउटा भेडा गोठालोको माध्यमबाट मानिसलाई सन्देश दिन सफल छ, पुस्तक।

## निचोड

कोहेलोले सरल रूपमा जीवनका सूक्ष्म भागहरूको संयोजन गरेर सान्टियागोलाई एउटा प्रतिनिधि पात्रका रूपमा स्थापित गरेका छन् । सान्टियागो अनगिन्ती मानव पात्रका प्रतिनिधि हुन् । हरेक मानिसलाई आफ्नो जीवनमा दिशानिर्देशको पर्खाइ हुन्छ । उसको गन्तव्य पहिल्याउन र आफूसँग रहेका निहित सपनातर्फ अघि बढ्न मद्दत त्यस पर्खाइले पूरा गरोस् । अल्केमिस्ट एउटा यस्तो कृति हो जसले प्रत्येक मानिसको सपनालाई पछ्याएर सफलता हात पार्न आत्मविश्वास बढाउँछ । हरेक मानिसले सपनालाई पछ्याएर हिंड्न नसके जीवन केवल खालीपनको भण्डार, व्यथाको जग अनि असन्तुष्टिमा पिल्सिन्छ । जीवनको सबभन्दा ठूलो अड्चन नै असफलता देखिको डर हो। हरेक मान्छे आफ्नो जीवनमा सफलता पाउन त चाहन्छ तर त्यो हासिल गर्नका लागि तय गर्नुपर्ने यात्रामा आउन सक्ने हार, आफ्नो प्यारो चीजलाई गुमाउनुपर्ने डर आदिका कारण सत्यदेखि पर भाग्छ अनि जीवनलाई दु:ख र पश्चात्तापको भुमरीमा जाक्छ ।


जो आफ्नो सपनाको बारेमा सचेत हुँदैनन्, त्यस्ता मानिसहरू जीवनमा अगाडि बढ्दैनन् । जतिसुकै भौतिक सम्पत्ति आर्जन गरे तापनि आत्मसन्तुष्टि प्राप्त गर्न पनि सक्दैन। यस कुराको उदाहरणका रूपमा पुस्तकले पत्थर व्यापारीलाई लिएको छ । व्यापारीले मक्का जाने सपना त देखेको हुन्छ तर पथप्रदर्शकको अभावले आफ्नो सपनालाई अगाडि बढाउन सक्दैन। सपनातिर पाइला अघि जाँदैन र समयसँगै उसको सपना धमिलिन्छ। कोहेलोले यस उपन्यास मार्फत यो अवगत गराएका छन् कि हामी सबै आ-आफ्नो जीवनका अभिनेता वा पात्र हौं। हामीले आफ्नो नियतिलाई सरल रूपमा चिन्न सके मात्र चाहेको गन्तव्यमा सहजै पुगिन्छ । "मान्छेले केही चीजलाई भित्री आत्मादेखि चाहेको हुन्छ, तब पूरा विश्व नै त्यो चीजलाई उसको बनाइदिन लागिपर्छ" भन्ने नै यस किताबको चुरो हो ।

कथाको अन्त्यमा मात्र सान्टियागोले धन र भौतिक सुख त्यहाँ हुन्छ जहाँ मन हुन्छ भनेर बुझ्छ। त्यसपछि जीवनको सच्चा धन भनेको नै यात्रा हो । यो यात्राको बीचमा गरिने नयाँ अन्वेषण र प्राप्त हुने ज्ञान नै प्रत्येक मान्छेले जीवनमा हासिल गर्ने मूल धन हो। मानिसमा परिवर्तनसँग सामना गर्ने सामर्थ्य हुनुपर्छ भन्छ, पुस्तक। यसरी पुस्तकले मानवीय जीवनलाई लक्ष्य र यात्रासँग तुलना गर्दै पुस्तकभरि मानव जीवनलाई सुमार्गको पहिचान गर्न सुझाव दिन्छ। सङ्घर्षमय जीवनको नालीबेली दिंदै पुस्तकले भौतिक सुख-सुविधाले मान्छे परिपक्व हुँदैन भन्ने दिशाबोध पनि गर्छ। जीवनको पर्याय नै सङ्घर्ष भन्ने मूलमन्त्र पुस्तकले छुटाएको छैन ।

श्रम गर्न विदेशतर्फ जाँदा तत्काल फाइदा भए पनि दीर्घकालीन रूपमा सामाजिक र आर्थिक विचलन आइपर्ने हुँदा मुलुकभित्रै परिश्रम गर्नु (पसिना बगाउनु) मा नै सबैको भलो छ ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

# विकासमा तल्लो वर्गको भूमिका
# पीआरएको गुरु ग्रन्थ




हुज रियालिटी काउन्टस् ?
पुटिङ दि फर्स्ट लास्ट
*लेखक : रोबर्ट च्याम्बर्स*

**समीक्षक : योगेन्द्र सुवेदी**

२० औं शताब्दीको उत्तरार्द्धमा विश्वभर नै परिवर्तनले तीव्र गति लियो। परिवर्तनकै तीव्रताका कारण आउँदा दिन कस्ता हुन्छन् भन्ने अनुमान गर्न गाह्रो भयो। अहिले पनि अनिश्चितता र परिवर्तनको उचारचढावबीच व्यक्तिगत, पेशागत र संस्थागत क्षेत्रमा अनेक अनिश्चितता विश्वभर नै व्याप्त छन्।

ग्रामीण विकासका महान् चिन्तक प्राध्यापक रोबर्ट च्याम्बर्स (जन्म सन् १९३२) को पुस्तक 'पुटिङ द लास्ट फर्स्ट' सन् १९८३ मा प्रकाशित भएको हो। नेपालीमा यसलाई 'अन्तिममा रहेकालाई प्राथमिकता' भनिन्छ। ग्रामीण विकास अध्येताहरूका लागि उक्त पुस्तक गीता नै मानिएको छ। हजारौं लेख/रचना र अध्ययन/अनुसन्धानमा उक्त पुस्तकका प्रसङ्गहरू उद्धृत गरिएको छ। पुस्तकले विश्वव्यापी चर्चा पाएपछि च्याम्बर्सको नाम संसारभरि नै फैलियो। धेरैले बधाई, शुभकामना र रचनात्मक सुझाव समेत दिए। त्यसबाट हौसिएर उनले सन् १९९७ मा अर्को पुस्तक 'हुज रियालिटिज काउन्टस्? पुटिङ द फर्स्ट लास्ट' लेखे। उनले स्पष्ट भनेका छन्, पुटिङ द लास्ट फर्स्ट भनेको निस्वार्थ भाव हो भने पुटिङ द फर्स्ट लास्ट भनेको शक्ति विकेन्द्रीकरण हो। आर्थिक हिसाबले तल्लो तह र तप्कामा रहेका अति गरीब वर्गलाई प्राथमिकतामा राखेर विकासे कार्यक्रम र योजना बनाउनुपर्छ। लेखकले आर्थिक र सामाजिक हैसियत नहुनेदेखि हुनेसम्मको पिरामिड बनाउँदा पहिलो पुस्तकमा तल्लो वर्गलाई माथि लगेर र माथिल्लो तहका धनीमानी र पहुँचवालालाई तल्लो तहमा लगेर समतामूलक समाज कसरी बनाउन सकिन्छ भनेर हेरे। यसका लागि उनले वैज्ञानिक र व्यावहारिक विधि बताए, त्यो हो पीआरए अर्थात् सहभागितामूलक ग्रामीण लेखाजोखा विधि। ग्रामीण विकासको अनुसन्धानमा महत्त्वपूर्ण औजार सावित भएको पीआरए (पार्टिसिपेटरी रुरल अप्रेजल) विधि उनकै खोज हो।

इन्टरमिडियट टेक्नोलोजी पब्लिकेसन्सद्वारा प्रकाशित पुटिङ द फर्स्ट लास्ट रुण्डै ३०० पृष्ठको छ। दश खण्डमा विभाजित यस पुस्तकका प्रत्येक खण्डको प्रारम्भ विश्वका महान् व्यक्तिहरूको सूक्तिबाट भएको छ र खण्डको सारसंक्षेप पनि दिइएको छ। यस किताबको अर्को आकर्षण हस्तलिखित चित्र हुन्। लेखकले आफूले वस्तुहरूलाई जसरी देखे/बुझेका छन् त्यसरी नै अभिव्यक्ति दिने प्रयास गरेका छन्। यस किताबलाई च्याम्बर्सले यात्राको दोस्रो पाइला मानेका छन् र अझै धेरै यात्रा गर्न बाँकी रहेको कुरा भूमिकामा उल्लेख गरेका छन्। ग्रामीण क्षेत्रका बासिन्दामा भएको गरीबी र विकास सम्बन्धी विवेचनात्मक क्षमताबाट लेखक प्रभावित छन्। 'पीआरए' मा रुरल (ग्रामीण) शब्दको प्रयोग ठीक नभएको लेखकको तर्क छ। उनी भन्छन्, यो पद्धति शहरी गरीब बस्तीहरूमा पनि लागू गर्न सकिन्छ। पीआरएको सट्टा पीएलए (पार्टिसिपेटरी लर्निङ एण्ड एक्सन) अर्थात् सहभागितामूलक सिकाइ र कार्यान्वयन भन्ने शब्दावली आइसके पनि पीआरए नै धेरैले प्रयोग गर्ने गरेको हुनाले यहाँ पीआरए नै प्रयोग गरिएको कुरा उनी उल्लेख गर्छन्।

## नयाँ उच्च धरातल

च्याम्बर्सले विकासको अवधारणालाई मानिसको क्षमता अनुसारको उच्च धरातलमा उभिएर हेर्नुपर्ने बताएका छन्। तल्लो वर्ग अगाडि बढ्ने कुरा उपल्लो वर्गकाको व्यवहार र सोचाइमा भरपर्छ। उनी भन्छन्, "तल्लो वर्गलाई ठाउँ दिन उपल्लो वर्गमा परिवर्तन आउन जरुरी छ।"

यसमा लेखकले तल्लो वर्गलाई निस्वार्थ भाव तथा उदारपनको माध्यमबाट माथिल्लो तहसम्म लगेर हेर्न सकिन्छ भन्ने कुरा उल्लेख गरेका छन्। सशक्तिकरणलाई विकेन्द्रित गरेर (अर्थात् माथिल्लो तहमा रहेको वर्गलाई तल्लो तहमा लगेर समतामूलक बनाउन सकिन्छ भनेर आफ्ना दुवै पुस्तकमा पुस्ट्याइँ गरेका छन्। तर उपल्लो तहमा भएको शक्तिलाई विकेन्द्रित गर्ने काम सजिलो छैन। उनको भनाइ अनुसार कुनै वस्तुलाई सन्तुलनमा ल्याउन असन्तुलन आवश्यक हुन्छ अर्थात् असन्तुलनलाई ठीक ठाउँमा ल्याएपछि मात्र सन्तुलन कायम हुन्छ भने जस्तै गरीबलाई माथि पुऱ्याउन धनीको शक्ति खलबल्याउन जरुरी छ। पीआरएको अनुभव र दर्शन यसको अभिन्न अङ्ग हो।

यो पुस्तक अलि गहन नै छ। तर पुस्तकको अन्त्यमा उनले हरेक खण्डको एउटा लामै नोट तयार पारेर आफ्नो कुरा अरू प्रस्ट्याएका छन्। तर कतिका लागि उनको अङ्ग्रेजी भाषा सहज नहुन पनि सक्छ।

उनले बढ्दो जनसंख्याको चापले गर्दा पहाडी क्षेत्रमा कृषि जमीनको विस्तार भएको सन्दर्भमा या नेपालमा पीआरएको प्रयोग कसले, कहाँ, कसरी गरिरहेछ भन्ने जस्ता धेरै सन्दर्भमा नेपालको चर्चा गरेका छन्। उनी नेपालमा पीआरएको सुरुआत वीनरक इन्टरनेशनल नामक अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट भारत हुँदै भित्रिएको मान्छन्।

पुस्तकमा च्याम्बर्सले पीआरएको व्याख्यासहित त्यसको महत्त्वमा प्रकाश पारेका छन्। उनी खासगरी विकास र अनुसन्धान कृषि, वन, वातावरण आदि क्षेत्रहरूमा यसको उपयोगिता अत्यधिक रहेको बताउँछन्। यो विधि सामान्यतया प्रश्नावली विधिद्वारा गरिने सर्भेक्षणको दह्रो विकल्प सावित भएको छ। आजको बहुलवादको मान्यतामा सङ्घर्षको सामना गर्न व्यक्ति, पेशा र संस्थाको आ-आफ्नै

हिंड्ने मार्गहरू हुन्छन् । पीआरएले यी सबै कुराको समाधान त गर्दैन तर मार्गप्रशस्त भने गर्छ ।

पीआरएको मूल मन्त्र नै हामीले अपनाउने नीति, व्यवहार र सम्बन्धमा परिवर्तन ल्याउनु हो । पीआरए कसरी गर्ने र यसको मूल मर्म के हो भन्नेबारे पुस्तकमा विस्तृत चर्चा गरिएको छ ।

धेरैका लागि पीआरए तल्लो तहको महिला, सीमान्तकृत, गरीब र जोखिमयुक्त मानिसहरूका लागि सशक्तिकरण गर्ने एउटा माध्यम भएको छ। पीआरएभन्दा अगाडि सन् १९७० को अन्तिम दशकताका ल्याइएको आरआरए (रापिड रुरल अप्रेजल) बाट कसरी विस्तारै पीआरएको विकास भयो भन्ने कुरा पुस्तकमा विवेचना गरिएको छ। पीआरएमा बाहिरकाले हस्तक्षेप गर्दैनन् न कि उनीहरूलाई पढाउँछन्। बाहिरकाहरूले त केवल सहजकर्ताको मात्र भूमिका निर्वाह गर्छन्। उनीहरू सँगै बस्छन्, उनीहरूका कुरा सुन्छन् र उनीहरूबाटै सिक्छन् साथै समुदायलाई आफ्नो वास्तविकताबारे बोल्न अभिप्रेरित पनि गर्छ।

## पेशागत संवेदनशीलता

व्यक्तिगत र पेशागत परिवर्तनका केही महत्त्वपूर्ण उपलब्धिलाई विगतमा भएका गल्तीको समीक्षाद्वारा नापिन्छ। विकास गर्ने क्रममा गल्ती हुनु सामान्य हो र त्यसलाई सामान्य रूपमै लिनुपर्छ । कुनै गल्तीहरूले छिटो पाठ सिकाउँछन् भने कुनैले ढिलो । खाद्य सुरक्षा, विज्ञानप्रविधि, वातावरण र विकास आयोजना आदिमा विगतको अनुभवले धेरै गल्तीहरू भएको देखिए तापनि हामी विकासे कार्यकर्ताहरू अझै पनि धेरै गल्ती गर्दैछौं। विगतका गल्तीबाट पाठ सिक्दै पुनः गल्ती दोहोरिन नदिनु आजको चुनौती हो।

हाम्रो विचार, मूल्य, मान्यता, पद्धति र व्यवहारहरूले हाम्रो पेशागत जीवनमा गहिरो प्रभाव जमाएका हुन्छन् । पद, पैसा र शक्ति प्राप्त गर्ने माध्यम पनि व्यावसायिकता नै हो । सामान्य पेशाकर्मीका लागि गरीब जनताका वास्तविकता, खेती गर्ने तौरतरीका, जीविकोपार्जनका रणनीति आदिलाई बुझ्न र त्यसलाई सम्बोधन गर्न निकै गाह्रो हुन्छ। सामान्य पेशाकर्मीले उसको आफ्नै वास्तविकता सृजना गरी त्यसलाई अन्तर्निहित गरेको हुन्छ। सामान्य पेशाकर्मीको अरू जस्तो आर्थिक, सामाजिक र भौतिक साझा छनोटहरू गरेका छन् आफ्नै सीमा र परिधिभित्र रहेर काम गर्न सक्छन्।

## वास्तविकताको बुझाइ

वास्तविकता बहुआयामिक तर थुप्रै साझा कुरा मिश्रित भएको हुन्छ भन्छन्, च्याम्बर्स । उनले वास्तविकताको अर्थ दुई तहमा व्याख्या गर्छन्। पहिलो भौतिक वास्तविकता जुन हामीभन्दा बाहिर हुन्छ अर्थात् बाहिरी दुनियाँको भौतिक वस्तुहरू। अर्को व्यक्तिगत वास्तविकता जो हामीभित्रै हुन्छन् हाम्रा बुझाइ, ज्ञान र विश्वासहरू ।

गरीबको वास्तविकता स्थानीय तबरको, जटिल, विविधतायुक्त, गतिशील र भविष्यवाणी गर्न नसकिने किसिमको हुन्छ, उनीहरूका रोजाइ र मान्यता अन्य पेशाकर्मी र अलि हुने/खानेको भन्दा भिन्दै र विपरीत प्रकृतिका हुन्छन्। आफ्नो जटिलता स्थानीय तवरले नै प्रबन्ध गर्न सक्छन्, उनीहरू। तर तल्लो वर्गको उत्थानका लागि उपल्लो वर्गका मानिसको व्यवहार र सोचाइमा परिवर्तन आउनु भने जरूरी छ।

सहभागिता, सशक्तिकरण र आपसी सम्मानले गरीब र तल्लो वर्गका मानिसलाई आफ्नो व्यक्तिगत र सामूहिक वास्तविकता अभिव्यक्त गर्न सक्षम बनाउँछ। लेखकको भनाइमा तल्लो वर्गका

**यसमा लेखकले तल्लो वर्गलाई निस्वार्थ भाव तथा उदारपनको माध्यमबाट माथिल्लो तहसम्म लगेर हेर्न सकिन्छ भन्ने कुरा उल्लेख गरेका छन्। सशक्तिकरणलाई विकेन्द्रित गरेर (अर्थात् माथिल्लो तहमा रहेको वर्गलाई तल्लो तहमा लगेर समतामूलक बनाउन सकिन्छ भनेर आफ्ना दुवै पुस्तकमा पुस्ट्याइँ गरेका छन्।**

अनुभव र भोगाइ वास्तविक हुन्छन् र उपल्लो वर्गकाको अनुभव तल्लो वर्गको उत्थानका लागि त्यति उपयोगी हुन सक्दैनन्। आफ्नो घरको खानाको आपूर्ति कहाँ र कुन स्रोतबाट आउँछ भनेर ठम्याउन नसक्नेले अरूको घरको वास्तविकताको चित्रण गर्नु अनुपयुक्त हुन्छ भन्छन्, लेखक। तसर्थ तल्लो वर्गका मानिसहरूको प्राथमिकताले नै महत्त्व राख्छ। जस्तै आधारभूत आवश्यकता, खेती गर्ने तौरतरिका, घाँस/दाउराका कुरा, पशुपालन, वन विकास आदि कुराहरूमा निम्न वर्गका मानिसको विचार र मान्यता नै प्राथमिकता पाउनुपर्ने उनको तर्क छ।

## शक्तिको मात

च्याम्बर्सले मानिसले प्रयोग गर्ने शक्तिबारे विवेचना गरेका छन्। शक्ति सक्षमता र असक्षमता दुवै हो, उनी भन्छन्। जो गर्न सक्छन् ती शक्तिवान् हुन्। खासगरी विकास निर्माणमा काम सम्पन्न गर्नका लागि शक्ति हुनु एउटा सम्पत्तिकै रूप हो। जो व्यक्तिहरू ठूला-ठूला पदमा पुगेका छन् तिनीहरूले आफूमा परिवर्तन ल्याउनका लागि शक्तिको राम्रो प्रयोग गरे।

गल्तीबाट पाठ सिकिन्छ र सिकेका पाठले आफूमा शक्ति आउँछ। तर पहिले नै शक्ति सम्पन्न हुनु अयोग्यता वा अक्षमता हो भन्छन्, लेखक। पहिले नै शक्तिवान् व्यक्तिमा नयाँ ज्ञान सिक्ने क्षमता नहुन सक्छ र पछि गएर अयोग्य पनि हुनसक्ने लेखकको तर्क छ।

पीआरएको अनुभवले विकास, अनुसन्धान एवं खोजमा धेरै ज्ञान दिन सफल छ। यसले स्थानीय मानिसको मूल्याङ्कन, विवेचना एवं योजना तर्जुमा गर्ने क्षमतामा धेरै वृद्धि भएको छ। बाहिरियाहरू केवल सहजकर्ताका रूपमा रहने र समुदायले आफ्नो अनुभव चित्र, नक्शा वा अन्य उपयोगी विधिद्वारा व्यक्त गर्ने हुनाले यो विधि उपयोगी सावित भएको हो। खासगरी सामाजिक नक्शा, समयरेखा, आर्थिक स्थितिको पहिचान, सहभागितामूलक नक्शाङ्कन, गणना आदि सामग्रीको विषयमा वर्णन पाइन्छ। आरआरए र पीआरएको फाइदा/बेफाइदाका छुट्टाछुट्टै वर्णन गरेका छन्।

आफूले लेखेको पुस्तक अपूर्ण नै रहेको र गरीबी सम्बन्धी कतिपय प्रश्नको उत्तर दिन आफूलाई गाह्रो भएको कुरा उनले पुस्तकको भूमिकामा उल्लेख गरेका छन्। एकपटक विलियम जनसेनले बङ्गलादेशको गाउँमा गरीबहरूको लिखित अन्तर्वार्ता लिइरहँदा एउटा गरीबले प्रश्न गरेछ, "महोदय, गरीब मानिसको बारेमा तपाईंले यति धेरै के लेखिरहनुभएको छ? भगवान् आफैं त गरीबलाई माया गर्दैनन् भने तपाईंको यो लेखाइले के सहयोग गर्ला?" च्याम्बर्सले यो अत्यन्त असहज प्रश्न हो जसको उत्तर म दिन सक्दिनँ भनेका छन्। उत्तर दिने काम उनले पाठकसामु नै छोडेका छन्।